# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, भदौ १४ गते २०५६ साल (संख्या २०

## भाग ३

श्री ५ को सरकार

रक्षा मन्त्रालयको

सूचना १

### सैनिक उपचारिका (दोस्रो संशोधन) नियमावली,२०५६

सैनिक उपचारिका नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "सैनिक उपचारिका (दोस्रो संशोधन) नियमावली, २०५६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. सैनिक उपचारिका नियमावली, २०४९ को नियम ५ मा संशोधनः सैनिक उपचारिका नियमावली, २०४९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ को,–

(१) उपनियम (१) मा रहेका "प्रधान सेनापति" भन्ने शब्दहरूको सट्टा "कार्यरथी" भन्ने शब्द राखिएको छ ।

(२) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि लागू हुनेछ।

"(४) देहायको दर्जामा समयको अवधिबाट सब्स्ट्यान्टिव पदोन्नति हुन सह-उपचारिकाको पदमा नियुक्त वा बढुवा भएको मितिबाट देहायबमोजिमको सेवा अवधि तथा शर्त पूरा गर्नुपर्नेछः–

(क) सह-उपचारिकाबाट वरिष्ठ उपचारिकामा दुई वर्षको सन्तोषजनक सेवा अवधि पूरा गरी प्राविधिक आधारभूत तालिम उत्तीर्ण ।

(ख) वरिष्ठ उपचारिकाबाट सह-दक्ष उपारिकामा नौ वर्षको सन्तोषजनक सेवा अवधि।

(ग) सह-दक्ष उपचारिकाबाट दक्ष उपचारिकामा तेन्ह वर्षको सन्तोषजनक सेवा अवधि ।

(घ) दक्ष उपचारिकाबाट उच्च दक्ष उपचारिकामा सत्र वर्षको सन्तोषजनक सेवा अवधि ।"

(३) उपनियम (५), (६) र (७) झिकिएको छ ।

३. मूल नियमावलीमा नियम ५क थपः मूल नियमावलीको नियम ५ पछि देहायको नियम ५क थपिएको छः

"५क एक्टिङ्ग पदोन्नतिः देहायका दर्जामा एक्टिङ्ग पदोन्नति हुन देहायको कमिशन सेवा पूरा गर्नु पर्नेछः–

(क) सह दक्ष उपचारिकाको लागि — आठ वर्ष

(ख) दक्ष उपचारिकाको लागि — एघार वर्ष

(ग) उच्च दक्ष उपचारिकाको लागि — पन्ध्र वर्ष"

## सूचना २

### सैनिक बिदा (चौथो संशोधन) नियमहरू २०५६

सैनिक बिदा नियमहरू, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "सैनिक बिदा (चौथो संशोधन) नियमहरू, २०५६" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. सैनिक बिदा नियमहरू, २०१९ को नियम ३ मा संशोधनः सैनिक बिदा नियम २०१९ (यसपछि "मूल नियमहरू" भनिएको) को नियम ३ को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः–

"(ख१) अध्ययन बिदा"

३. मूल नियमहरूमा नियम ५क थपः मूल नियमहरूको नियम ५ पछि देहायको नियम ५ क थपिएको छः–

"५क. अध्ययन बिदाः (१) सैनिक सेवालाई उपयोगी र आवश्यक पर्ने विषयमा श्री ५ को सरकारलाई प्राप्त भएको छात्रवृत्तिमा सम्बन्धित विभागीय प्रमुखको स्वीकृति लिई खुल्ला प्रतियोगितामा वा अन्तर विभागीय प्रतियोगितामा छानिई वा श्री ५ को सरकारबाट मनोनयन भै अध्ययन गर्न जाने शाही नेपाली सेनाका व्यक्तिले अध्ययन अवधिभर अध्ययन बिदा पाउन सक्नेछ ।

(२) शाही नेपाली सेनाका व्यक्तिले सेवा अवधिभरमा एकै पटक वा पटक-पटक गरी तीन वर्षसम्म अध्ययन बिदा पाउनेछ ।

तर श्री ५ को सरकारले आवश्यक ठानेमा अध्ययन बिदाको अवधिमा दुई वर्षसम्म थप गर्न सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अध्ययनको निमित्त मनोनयन भै अध्ययन बिदा लिई गएको शाही नेपाली सेनाका व्यक्तिलाई थप विषयमा अध्ययन गर्न वा थप उपाधि हासिल गर्नको निमित्त अध्ययन बिदा थपिने छैन ।

(४) अध्ययन बिदामा बस्दा शाही नेपाली सेनाका व्यक्तिले पूरा तलब पाउनेछ ।

(५) शाही नेपाली सेनाको सम्बन्धित सेवालाई उपयोगी र आवश्यक पर्ने विषयमा विभागीय प्रमुखको सिफारिशमा श्री ५ को सरकार-को पूर्व स्वीकृति लिई निजी प्रयासमा अध्ययन गर्न जाने शाही नेपाली सेनाका व्यक्तिलाई उपनियम (२) बमोजिम अध्ययन बिदा दिन सकिनेछ ।

(६) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपनियम (५) बमोजिम अध्ययन बिदामा बस्ने शाही नेपाली सेनाका व्यक्तिले अध्ययन बिदामा रहेको अवधिको तलब पाउने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१२५

(७) अध्ययन बिदामा बसेको शाही नेपाली सेनाका व्यक्ति सो बिदामा बसेको अवधिभर बढुवाको लागि उम्मेदवार हुन सक्ने छैन।

(८) पाँच वर्ष सेवा अवधि नपुगी शाही नेपाली सेनाका व्यक्तिले अध्ययन बिदा पाउने छैन।

(९) अध्ययन बिदामा बस्न शाही नेपाली सेनाका व्यक्तिले अध्ययन गर्न जानु भन्दाअघि त्यस्तो अध्ययन पूरा गरि फर्केर आई आफ्नो सेवामा देहाय बमोजिमको अवधिसम्म अनिवार्य रूपमा सेवा गर्ने कबुलियत समेत गर्नु पर्नेछः–

| अध्ययनको अवधि | सेवा गर्नु पर्ने न्यूनतम अवधि |
|---|---|
| (क) तीन महिनासम्म | एक वर्ष |
| (ख) तीन महिनादेखि ६ महिनासम्म | डेढ वर्ष |
| (ग) छ महिनादेखि नौ महिनासम्म | दुई वर्ष |
| (घ) नौ महिनादेखि एक वर्षसम्म | तीन वर्ष |
| (ङ) एक वर्षदेखि दुई वर्षसम्म | चार वर्ष |
| (च) दुई वर्षदेखि तीन वर्षसम्म | पाँच वर्ष |
| (छ) तीन वर्षदेखि चार वर्षसम्म | सात वर्ष |
| ज) चार वर्षदेखि पाँच वर्षसम्म | आठ वर्ष |

(१०) शाही नेपाली सेनाका व्यक्तिले अध्ययन पूरा गरी फर्केर आएपछि उप-नियम (९) मा उल्लेख भए बमोजिमको अवधिसम्म सेवा नगरेमा त्यस्तो शाही नेपाली सेनाका व्यक्तिबाट अध्ययन अवधिभर निजले पाएको तलब भत्ता तथा कबुलियतमा उल्लेख भएका अन्य रकमहरू समेत सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(११) यस नियम बमोजिमको अध्ययन बिदा प्राविधिक तथा विशेषज्ञ सेवामा रहेका शाही नेपाली सेनाका व्यक्तिले मात्र पाउन सक्नेछ।

तर सैनिक सेवालाई दीर्घकालीन रुपमा फाइदा हुने भएमा उप-नियम (११) बाहेकका अन्य सेवाका शाही नेपाली सेनाका व्यक्तिलाई समेत यस नियम बमोजिम अध्ययन बिदा दिन सकिनेछ।

आज्ञाले,
केशवराज राजभण्डारी
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१२६

श्री ५ को सरकार

## विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना

### वि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी विकास समिति (पहिलो संशोधन) (गठन) आदेश, २०५५

वि.पी.कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी विकास समिति (गठन) आदेश, २०४८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "वी. पी. कोइराला प्लानेटेरियम तथा अब्जरभेटरी विकास समिति (पहिलो संशोधन) (गठन) आदेश, २०५५" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. वि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी विकास समिति (गठन) आदेश, २०४८ को दफा २ मा संशोधनः वि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी विकास समिति, २०४८ (यसपछि मूल आदेश" भनिएको) को दफा २ को खण्ड (घ) पछि देहायका खण्ड (घ१) र (घ२) थपिएका छन्:

(घ१) "विज्ञान संग्रहालय" भन्नाले विज्ञानसंग सम्बन्धित कुनै बस्तु संग्रह गरिने स्थल सम्झनु पर्छ र सो शब्दले विज्ञानसम्बन्धी अध्ययन तथा अन्वेषण गर्ने स्थलसमेतलाई जनाउँछ ।

(घ२) "कार्यकारी निर्देशक" भन्नाले दफा ५क. बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनुपर्छ ।"

३. मूल आदेशको दफा ३ मा संशोधनः मूल आदेशको दफा ३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः

(२) "उपदफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष तथा सदस्यहरू रहने छन्:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

926

(क) सचिव, विज्ञान तथा प्रविधि मन्त्रालय —अध्यक्ष
(ख) प्रतिनिधि, भौतिक शास्त्र विभाग, त्रि.वि.वि. —सदस्य
(ग) प्रमुख, प्राकृतिक विज्ञान संग्रहालय, त्रि.वि.वि. —सदस्य
(घ) लब्ध प्रतिष्ठित खगोलशास्त्रीहरू मध्येबाट श्री ५ को सरकारद्वारा मनोनित एकजना —सदस्य
(ङ) चन्दादाताहरू मध्येबाट श्री ५ को सरकारद्वारा मनोनित एकजना —सदस्य
(च) कार्यकारी निर्देशक —सदस्य-सचिव

४. मूल आदेशको दफा ४ मा संशोधनः मूल आदेशको दफा ४ को,–

(१) उपदफा (१)को सट्टा देहायको उपदफा (१) राखिएको छः

"(१) नेपाल अधिराज्यमा प्लानेटेरियम तथा अब्जरभेटरीको निर्माण र विज्ञान संग्रहालयको स्थापना गरी तिनीहरूको सञ्चालन तथा विकास गर्नु समितिको कर्तव्य हुनेछ।"

(२) उपदफा (२) को खण्ड (ञ) पछि देहायको खण्ड (ट) थपिएको छः

"(ट) विज्ञान संग्रहालय सम्बन्धी आवश्यक कार्य गर्ने।"

५. मूल आदेशमा दफा ५क. र ५ख. थप : मूल आदेशको दफा ५ पछि देहायका दफा ५क. र ५ख. थपिएका छन्।

"५क. कार्यकारी निर्देशकः (१) समितिको प्रशासकीय प्रमुखको रूपमा काम गर्न श्री ५ को सरकारले कार्यकारी निर्देशकको नियुक्ति गर्न सक्नेछ।

(२) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले आवश्यक देखेमा कार्यकारी निर्देशकको पदावधि समाप्त नहुँदै पदबाट हटाउन सक्नेछ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा श्री ५ को सरकारको स्वीकृति लिई समितिले तोके बमोजिम हुनेछ।

५ख. समितिका कर्मचारीः (१) समितिले आवश्यकतानुसार समितिका कर्मचारीहरू नियुक्त गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२८

(२) समितिका कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

६. मूल आदेशको दफा ९ मा संशोधनः मूल आदेशको दफा ९ मा रहेको "शिक्षा तथा संस्कृति मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।

७. रूपान्तरः मूल आदेशको ठाउँ ठाउँमा रहेका "बि. पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी विकास समिति" भन्ने शब्दहरूको सट्टा "बी.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान संग्रहालय विकास समिति" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

आज्ञाले,
पोषणनाथ नेपाल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।